खण्ड ६ भागेश्वर, माघ १० गते, २०७९ साल (संख्या ६)

# भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

## भाग-२

## भागेश्वर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०९।२७**

**प्रस्तावनाः** लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबिको रेखामुनी रहेका दीर्घरोगी, हिंसा पिडित तथा बेचविखनमा परेका महिला तथा बालबालिका, विपन्न, अति अशक्त अपागं र पूर्ण अशक्त अपागं, वेवास्तामा परेका ज्येष्ठ नागरिक र प्राकृतिक प्रकोपजन्य विपद्बाट पिडित व्यक्तिहरुलाई राहत वितरण गर्न मानविय र कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायता सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र आर्थीक कार्यविधि ऐन, २०७५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी भागेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद - १

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "भागेश्वर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसगंले अर्को अर्थ नलागेमा ।

क) "गाउँपालिका" भन्नाले भागेश्वर गाउँपालिकालाई सम्भनुपर्छ ।

ख) "गाउँकार्यपालिका" भन्नाले भागेश्वर गाउँपालिकाको गाउँकार्यपालिका सम्भनुपर्छ ।

ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न भएका, मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अगंहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रही वेसाहारा बालबालिका, यौन शोषण वा यौन दुर्व्यवहारमा परेको, बाबु वा संरक्षकबाट बञ्चित, अपागंता भएको, सुस्त मनस्थिति भएको बालबालिका, एच.आई.भि. एड्सबाट संक्रमित बालबालिका, बृद्धबृद्धा तथा विशेष कारणबश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका एवम् बाढी पहिरो, आगलागी,

चट्यागंबाट पीडित जस्ता उल्लेखित व्यहोरा भएका भागेश्वर गाउँपालिकाका नागरिक एवं गाउँकार्यपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु समेत बुझ्नुपर्दछ ।

घ) "अध्यक्ष" भन्नाले भागेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको अध्यक्ष सम्झनुपर्दछ ।

ड.) "उपाध्यक्ष" भन्नाले भागेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको उपाध्यक्ष सम्झनुपर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भागेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद - २

## आर्थिक सहायता सम्बन्धि मापदण्ड

### ३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

**स्पष्टिकरण** : आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, उपचाररत रहेका अस्पतालको रिपोर्ट, गाउँपालिका स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नुपर्दछ ।

२. उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिरामीको अवस्था हेरी रु. १००००। (दस हजार) देखि बढीमा रु.५००००। (पचास हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

### ४. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायता :

१. बेवारिसे अवस्थामा फेला परेको, जबरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेका, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट बञ्चित रहेको, अपागंता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका, एच.आई.भि. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि निर्णय अनुसार रकम रु. ५०००। (पाचँ हजार) देखि बढीमा २००००। (बिस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

२. उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रबृति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

### ५. हिंसा पीडित तथा मानव बेचविखनमा परेकालाई सहायता :

१. यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न समितिको निर्णयानुसार बढीमा रकम रु. १००००। (दस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

२. पीडितलाई न्याय दिलाउन एवम् पुर्नस्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ

### ६.बेवास्तामा परेका ज्येष्ठ नागरिक सहायता :

६० बर्ष उमेर पुगेका परिवारका सदस्यलाई बेवास्ता गरि भिन्न बसेका विपन्न, रोगी, अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेका र निवेदन मनासिब भएमा रकम रु. ५०००। ( पाँच हजार) देखि १००००। (दस हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न

सकिनेछ । तर गाउँपालिकाबाट नियमित रुपमा सामाजिक सुरक्षा भत्ता बुझ्ने नागरिकको हकमा यो सुविधा प्रदान गरिने छैन ।

## ७. विपन्न परिवारलाई मृत्यु संस्कार सहायता :

१. आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारण मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्ने, बेवारिशे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्न परिवारले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात र वडा कार्यालयको सिफारिस सहित निवेदन पेश हुन आएमा गाउँकार्यपालिकाले मनासिब ठहराएमा एकमुष्ट रुपमा रकम रु. १००००।(दस हजार) देखि ४००००। (चालिस हजार) सम्म आर्थिक सहायता दिन सकिने छ ।

२. उपदफा (१) बमोजिम सहायता दिन सिफारिश गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्नेछ ।

उल्लेखित व्यहोरा आईपरेमा गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत गाउँकार्यपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि यथोचित रकम सहायता दिन सकिनेछ ।

## ८. विपद् कार्यमा सहायता :

१. बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपद्बाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिब देखिएमा कार्यपालिकाले निणय गरि तपसिल बमोजिमको राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

१.क) प्राकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकको एकाघरको परिवारको सदस्य वा सो नभए नजिकको हकदारलाई काजक्रिया बाफत प्रति व्यक्ति रकम रु. १००००। (दस हजार) देखि २५०००। -( पच्चिस हजार) सम्म ।

१.ख) प्रकोपबाट घरबास भत्किई आंशिक वा पूर्ण क्षति भएमा अवस्था हेरी दैनिक जिवीकोपार्जन तथा पुर्नस्थापनाका लागि राहत स्वरुप रु. १००००। (दस हजार) देखि बढीमा रु. ५००००। (पचास हजार) सम्म

१.ग) प्रकोपमा परी अंग भंग भई आंशिक वा पूर्ण अशक्त अपांग भएमा रु. १००००। (दस हजार) देखि बढीमा रु. २५०००। (पच्चिस हजार) सम्म ।

१.घ) प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएमा क्षतिको अवस्था हेरी रु. ५०००। (पाँच हजार) देखि रु. २००००। (बिस हजार) सम्म ।

१.ङ) प्रकोपबाट पशु तथा चौपाया मृत्यु भएमा अवस्था हेरी रु. ५०००। (पाँच हजार) देखि रु. १००००। (दस हजार) सम्म ।

२. उपदफा (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पीडित व्यक्तिले प्रहरी मुचुल्का, वडाको सिफारिस, नागरिकताको प्रतिलिपी, घटनास्थलको स्पष्ट देखिने तस्विर सहित गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

३. उपदफा (१) बमोजिमको व्यहोरा आईपरेमा गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधीहरुलाई समेत गाउँकार्यपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि यथोचित सहायता दिन सकिने छ ।

## ९. खेलकुद तथा सांस्कृतिक कार्यक्रम संचालन सम्बन्धी सहायता :

१. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब तथा संघ संस्थालाई तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ

१.क) स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि रु. १००००। (दस हजार) देखि ४००००। (चालिस हजार) सम्म ।

१.ख) जिल्लास्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि रु. २००००। (बिस हजार) देखि रु. ८००००। (असि हजार) सम्म ।

१.ग) प्रदेश तथा राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमका लागि रु.३००००।(तिस हजार) देखि बढीमा रु. १०००००। (एक लाख) सम्म ।

१.घ) अन्तर्राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमका लागि कार्यपालिकाले निर्णय गरे बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

**१०. संस्थागत सहायता कार्यक्रम :**

१. उल्लेख्य प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्‍याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आएमा र कार्यपालिकाले मनासिब ठहराएमा एकमुष्ट रु. १००००। (दस हजार) देखि १०००००। (एक लाख) सम्म आर्थिक सहायता सहयोग गर्न सकिनेछ ।

## परिच्छेद - ३

## कोषको व्यवस्था तथा सञ्चालन

**११. आर्थिक सहायता तथा उपचार सहयोगको लागि व्यवस्था :**

१. यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्दार तथा पुर्नस्थापना गर्ने प्रयोजनको लागि स्थानीय तह विविध कोष खाता अन्तर्गत आर्थिक सहायता उपशिर्षक स्थापना गरिनेछ । उक्त उपशीर्षकमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

क) गाउँसभाबाट विनियोजन गरिएको रकम,

ख) सरकारी तथा गैरसरकारी संघ संस्था, व्यक्ति तथा नीजि क्षेत्रबाट आर्थिक सहायताको लागि प्राप्त जुनसुकै अनुदान,

ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्दार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम ।

**१२. कोष सञ्चालन समिति, कोष सञ्चालन तथा लेखापरिक्षणको व्यवस्था :**

१) दफा ११ अनुसारको गाउँपालिकाको कल्याणकारी कोषबाट रकम सहायताको निर्णय गर्न र सहायतामा दिईएको रकमको अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | –अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | –सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |
| गाउँकार्यपालिका सदस्यहरुमध्येबाट अध्यक्षले तोकेको १ जना महिला सदस्य सहित २ जना | –सदस्य |
| गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | –सदस्य |
| प्रशासन शाखा प्रमुख | –सदस्य सचिव |

२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

३) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

४) कोषको लेखा परिक्षण गाउँपालिकाको खर्चको लेखापरिक्षण गर्न तोकिएको निकायबाट हुनेछ ।

**१३. परामर्श तथा सहयोग लिन सक्ने :**

१. समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति तथा निकायहरुसँग आवश्यक परामर्श तथा सहयोग दिन सक्नेछ ।

**१४) पारदर्शिता र जवाफदेहिता** : कोषबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनिक गरिनेछ । साथै कार्यालयको वेभसाईटबाट समेत उल्लेखित व्यहोरा जानकारी गराईनेछ । सम्बन्धित सरोकारवालाहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा समिति तथा गाउँपालिकाबाट आवश्यक विवरण उपलब्ध गराईनेछ ।

## परिच्छेद - ४

## आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था

**१५**. १) गाउँपालिकाको सामाजिक, आर्थिक, साँस्कृतिक, साहित्य, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक स्वास्थ्य अवस्था नाजुक भएको भन्ने कार्यपालिकाले ठहराएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिम कोषको अवस्था हेरी एक पटकका लागि मात्र बढीमा ५००००। (पचास हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

२) गाउँपालिकाको कार्यालयको कामको क्रममा कार्यालय बाहिर जाँदा वा आउँदा कुनै जनप्रतिनिधी वा कर्मचारी आकस्मिक रुपमा विरामी परेमा वा दुर्घटनामा परि घाईते भएमा निज वा निजको हकवालालाई बढीमा रु.१०००००। (एक लाख) र मृत्यु भएमा निजको हकवालालाई बढीमा रु. ५०००००। (पाँच लाख) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराईने आर्थिक सहायता कार्यपालिकाको निर्णय गरी उपलब्ध गराईनेछ

**१६. निवेदन** : उल्लेखित क्षेत्रमा सहायता पाउन दफा (३) को लागि अनुसूचि – २ बमोजिम, दफा (४) देखि (९) सम्मको लागि अनुसूचि – १ बमोजिम र दफा (१०) को लागि अनुसूचि – ३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१७**. यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि रु. ५०००। (पाँच हजार) देखि बढीमा रु. १००००। (दस हजार) सम्मको आर्थिक सहायता गाउँपालिका अध्यक्षले निवेदनको आधारमा मनासिब लागेमा सोझै प्रदान गर्न सकिनेछ ।

**१८**. यस कार्यविधि बमोजिम स्थापित कोषबाट प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एउटै प्रकृतिको घटनामा १ बर्ष भित्र १ पटकमात्र उपलब्ध गराईनेछ ।

# परिच्छेद - ५

## विविध

**१९.संशोधन तथा परिमार्जन** : यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**२०. खारेजी तथा बचाउ** : यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ । साथै गाउँकार्यपालिकाबाट यस आ.ब. मा आर्थिक सहयोग सम्बन्धमा भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अनुसूची १**

**(दफा १६ सँग सम्बन्धित)**

**आर्थिक सहायता माग गर्न गाउँपालिकामा पेश गर्ने निवेदन**

मितिः .............................

श्रीमान् पालिकाप्रमुख ज्यू,
भागेश्वर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा ।

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा डडेल्धुरा जिल्ला, भागेश्वर गाउँपालिका वडा नं. ....... बस्ने म निवेदक/मेरो ........................... दुर्घटना/असहाय/हिंसा पीडित/..................... भएको व्यहोरा अवगत गराउँदछु । मेरो/निजको आर्थिक अवस्था नाजुक भएकोले "भागेश्वर गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को व्यवस्था बमोजिम आर्थिक सहायता उपलब्ध गराई दिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

**निवेदन साथ संलग्न कागजातहरु**

(क) दुर्घटनामा परेको/असहाय व्यक्तिको नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) गाउँपालिकामा स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि,

(ग) दुर्घटनामा परेको/असहाय व्यक्तिको नजिकको नातेदार भए नाता खुल्ने कागजात र निजको नागरिकता/विवाहदर्ता प्रमाण पत्रको प्रतिलिपि,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिश,

(ङ) दुर्घटनामा परेको भए प्रहरी कार्यालयको मुचुल्काको प्रतिलिपि, अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज र औषधि उपचारमा खर्च भएको सक्कलै विल,

(च) आवास विहिनको हकमा सर्जमिन मुचुल्का, वडा समितिको निर्णय र नक्सापास ।

**निवेदक**
हस्ताक्षरः
नाम,थरः
ठेगानाः
सम्पर्क नं.

**अनुसूचि २**

**(दफा १६ सँग सम्बन्धित)**

**स्वास्थ्य उपचारका लागि आर्थिक सहायता माग गर्न गाउँपालिकामा पेश गर्ने निवेदन**

मितिः ....................................

श्रीमान् पालिकाप्रमुख ज्यू,

भागेश्वर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बगरकोट, डडेल्धुरा ।

**विषयः स्वास्थ्य उपचारका लागि आर्थिक सहायता पाउँ ।**

प्रस्तुत विषयमा डडेल्धुरा जिल्ला, भागेश्वर गाउँपालिका वडा नं. ............. बस्ने म निवेदक/मेरो ............................... लाई ..................................रोग लागि हाल ............................... अस्पतालमा उपचार गराई रहेको हुंदा "भागेश्वर गाउँपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७९" को व्यवस्था बमोजिम उपलब्ध हुने आर्थिक सहायता पाउन सम्बन्धित वडा कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलग्न कागजातहरुः**

(क) बिरामीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(ख) स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि,

(ग) बिरामीको नजिकको नातेदार भए नाता खुल्ने कागजात र निजको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(घ) सम्बन्धित वडा कार्यालयको एवं स्वास्थ्य शाखाको सिफारिश,

(ङ) अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज वा सम्बन्धित अस्पतालले रोग प्रमाणित गरेको कागजातको प्रतिलिपि,

(च) औषधि उपचारमा खर्च भएको सक्कलै विल ।

**निवेदक**

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

सम्पर्क नं.

**अनिसूची ३**

**(दफा १६ सँग सम्बन्धित)**

**संघ संस्था आदिले आर्थिक सहायता माग गर्न गाउँपालिकामा पेश गर्ने निवेदन**

मितिः ...............

श्रीमान् पालिकाप्रमुख ज्यू,
भागेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा ।

**विषयः आर्थिक सहायता उपलब्ध गराई दिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा ........................................ ठेगाना रहेको .......................................... संघ/संस्था/समुह/क्लव लाई ....................................... संचालन गर्नु पर्ने भएकोले यस संघ/संस्था/समुह/क्लव बाट विनियोजित रकम अपुग हुने भएको हुने भएको हुँदा सो प्रयोजनका लागि "भागेश्वर गाउँपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७९" को व्यवस्था बमोजिम आर्थिक सहायता उपलब्ध गराई दिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि यो निवेदन पेश गरिएको छ । यस संस्थाको यस गाउँपालिकासँग सम्बन्धित तिर्नु बुझाउन वा फछ्यौंट गर्नु पर्ने कर महशुल, बक्यौता, पेश्की बेरुजु बाँकी नरहेको र प्राप्त सहयोग सम्बन्धि शिर्षकमा नै खर्च हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

**निवेदन साथ संलग्न कागजातहरुः**

(क) संस्था दर्ता, कर चुक्ता, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(ख) सम्बन्धित वडा कार्यालयको सिफारिश,
(ग) संचालन गर्ने कार्यक्रमको प्रस्तावना, प्रतिवेदन र बिल भरपाई ।
(घ) खेल खेल्नका लागि विदेश जाने भए नेपाल सरकारबाट प्राप्त अनुमति पत्रको प्रतिलिपि वा विदेशी संस्थाले आमन्त्रण गरेको पत्रको प्रतिलिपि, आतेजाते हवाई वा अन्य साधनको टिकटको सक्कल, भिसाको प्रतिलिपि

**निवेदक**
हस्ताक्षरः
नाम, थरः
संस्थाको ठेगानाः
सम्पर्क नं.

संस्थाको छापः

**आज्ञाले**

खगेन्द्र भारती
प्रमुख प्रशासकीय अधिकृत
भागेश्वर गाउँपालिका